# बार्षिक समीक्षा २०७७।०७८

## मार्मा गाउँपालिका
## लटिनाथ, दार्चुला



temp:11°c
मार्मागाउँपालिका
२०७३

# मार्मा गा.पा.को परिचय

- मार्मा गाउँपालिका सुदूरपश्चिम प्रदेश दार्चुला जिल्लामा अवस्थित एउटा स्थानीय तह हो । यो मार्मा गाउँपालिका दार्चुला जिल्लाको दक्षिण पुर्वी भागमा अवस्थित छ । यस मार्मा गाउँपालिकामा साविकका ५ वटा गा.वि.स.हरु(लटिनाथ,शेरी,तपोबन,गुल्जर(२-९) र सितोला(१-४ र ९))लाइ एकिकृत गरी ६ वटा वडाहरुमा विभाजन गरिएको छ । यस मार्मा गाउँपालिकाको पुर्वमा बझाङ्ग जिल्ला, पश्चिममा दार्चुलाको नौगाड गाउँपालिका तथा शैल्यशिखर नगरपालिका ,उत्तरमा अपिहिमाल गाउँपालिका र दक्षिणमा बैतडीको डिलाशैनी गाउँपालिका तथा बझाङ्गको बुङ्गल नगपालिका रहेको छ। यस मार्मा गाउँपालिकाको क्षेत्रफल २०८.०६ बर्ग कि.मि.रहेको छ। बि.स.२०६८ को जनगणना अनुसार यस मार्मा गाउँपालिकाको कूल जनसंख्या १४९५६ रहेको छ ।
- प्रकृतिको अनुपम नमुनाको रुपमा जैविक विधितता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विविध जातजाती, भाषाभाषी तथा धर्मावलम्बिहरुको साझा बसोबास रहेको छ ।

# दीर्घकालीन सोच

गाउँपालिका क्षेत्र भित्रमा भौतिक पुर्वाधारहरुको विकास गरी आर्थिक, सामाजिक, सास्कृतिक एवम् प्रविधि क्षेत्रमा रुपान्तरण गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, कृर्षि,सञ्चार, सडक र विद्युतलाई उच्च प्राथमिकता दिई स्व-रोजगार सिर्जना गर्ने

# गाउँपालिकाको लक्ष्य

गाउँपालिकाको क्षेत्र भित्रका ग्रामिण सडकहरुलाई निरन्तरता एवम् विस्तार गर्दै खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य, कृषि उद्योग र पर्यटन क्षेत्रको विकास गरी सम्पूर्ण गाउँ बासीहरुको जीवन स्तरमा सुधार ल्याउने

# मार्मा गाउँपालीकाको उद्देश्य

- रोजगारी तथा आर्थिक बृद्धिका लागी प्रधानमन्त्री रोजगार तथा अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत रोजगार सिर्जना गर्न तर्फ विशेष पहल गर्ने ।
- कृषिमा आधुनिकीकरण, यान्त्रीकरण तथा व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गराइ कृषिमा अत्मनिर्भर तर्फ उन्मुख गर्ने ।
- दुग्ध मासु र तरकारीमा आत्मनिर्भर बन्ने अभियान अन्तरगत कृषि कार्यक्रम मार्फत आलु पकेट क्षेत्र, ओखर पकेट क्षेत्र, स्याउ पकेट क्षेत्र, माहुरी पकेट क्षेत्र र तरकारी पकेट क्षेत्र घोषणा गरि कार्यान्वयन गर्ने । भौतिक तथा आर्थिक पूर्वाधार बिकासका साथै प्रधानमन्त्री रोजगार तथा अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत गरिबी न्यूनिकरणमा विशेष जोड दिने।
- जेष्ठ नागरिक, एकल महिला, दलित, फरक क्षमता भएका ब्यक्ती, आदिबासी जनजाती, पिछ्डावर्ग तथा उपेक्षित क्षेत्रको विकासमा जोड दिइ समाबेशी विकासको अवधारणालाई निरन्तरता दिने ।

# .........उद्देश्य

- यस मार्मा गाउँपालिका अन्तरगत वडा नं. १ मा रहेको परमचुला धाम, वडा नं. ४ को तपोबन तातोपानी क्षेत्र, वडा नं. ३ को लटिनाथ मन्दिर क्षेत्र तथा अन्य धार्मीक तथा पर्यटकीय क्षेत्रहरुलाइ  विकास गरी पर्यटन प्रर्बद्धनमा जोड दिने ।
- भ्रष्टाचारमा शुन्य सहनशिलताको निति अबलम्वन गरी गाउँपालिकालाई भ्रष्टाचार मुक्त गाउँपालिका बनाउने ।
- मार्मा गाउँ पालिकाको खेल मैदानको रुपमा लटिनाथ खेल मैदान निर्माण र तपोवन खेलमैदान निर्माण कार्यको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
- उज्यालो मार्मा कार्यक्रमलाइ चालु आ.व.मा समेत निरन्तरता दिने ।
- सामाजिक सुरक्षा भत्ता र बाल संरक्षण भत्ता वितरण प्रणाली लाई चुस्त दुरुस्त एवम सहज बनाउन बैकिंङ्ग प्रणालीबाट भत्ता उपलब्ध गराईने व्यवस्था मिलाउने ।
- उद्यम विकास कोष एवम स्व-रोजगार कोषको माध्यमबाट लघु उद्यम क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरी लघु उद्यमीहरुको क्षमता विकास एवम् वेरोजगार युवाहरुलाई लघु उद्यम मार्फत स्व-रोजगार तर्फ आकर्षित गर्ने।

# आ. ब. २०७७।०७८ को समीक्षा

- कृषि उत्पादनलाई बढावा दिनको निमित्त गाउँपालिका क्षेत्र भित्रका सिंचाई नपुगेका जग्गाहरुमा बृहत, साना सिंचाई तथा मझौला सिंचाई योजनाहरु निर्माण गरिएका छन् ।
- निजीस्रोत बाट संचालित माध्यमीक तह सम्मका शिक्षक व्यवस्थापनको लागि विद्यालय गुणस्तर सुधार सहजकर्ता सम्बन्धी कार्यविधि मार्फत शैक्षिक गुणस्तरमा सुधार ल्याउन प्रयास गरिएको छ ।
- उज्यालो मार्मा कार्यक्रम अन्तरगत मार्मा गाउँपालिकाको वडा नं.३ को बजानी,रील,लटीनाथ,नलाबगर,च्युँरानी वडा नं.२ को लाम्बगर,सिमार,वडा नं.४को बजकोट,मर्मती,थाम,डेडपानी,तपोबन लगायतका ठाउँमा विद्युतीकरण गरिएको छ ।
- मार्मा गाउँपालिकाका आधारभुत तथा माध्यमिक विद्यालयहरुमा ११ वटा ब्लक निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

# समीक्षा...........

- मावन संसाधन विकास मार्फत गाउँपालिका स्तरबाट दिइने सेवा सुबिधालाई सरल, सहज, छिटो छरितो, कम मुल्य र उपयुक्त समयमा दिनको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने तथा प्राप्त जनशक्तिलाई सेवामुखी बनाउन आवश्यक तालिम र प्रोत्साहनको व्यवस्था गरिएको छ।
- गाउँपालिका भित्र स्वास्थ्य सेवालाइ थप प्रभावकारी बनाउन लटीनाथ स्वास्थ्य चौकीको को स्तरोन्नती गरी डाँक्टर सहितको सेवा सञ्चालनमा ल्याइएको छ ।
- मार्मा गाउँपालिकाका प्रत्येक वडाहरुमा आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।
- तरकारी खेतीमा आधुनिकीकरण गर्नको लागि पोलि हाउसको प्रयोग गरि तरकारी उत्पादनको थालनी गरिएको छ ।
- मार्मा गाउँपालिका वडा नं.३ को रीलमा टमाटर पकेट क्षेत्र तथा वडा नं.४ को थाममा आलु पकेट क्षेत्र र वडा नं. ४को बजकोटमा केरा पकेट क्षेत्रको रुपमा सञ्चालन गरिएको छ ।

# भौतिक पुर्वाधार तर्फ..........

- मार्मा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको काम सञ्चालनमा रहेको छ ।
- औद्योगिक ग्राम निर्माणको काम प्रकृयामा रहेको छ ।
- गुल्जर साँस्कृतिक तथा पर्यटकीय पुर्वाधार विकास कार्यक्रम अन्तरगतको निर्माण कार्य सञ्चालनमा रहेको छ ।
- पारीबगर घोल्जर परमचुला हुँदै बझाङ्ग जिल्ला जोड्ने सडकको स्तरोन्नती तथा ५ कि.मि.ट्याक खोल्ने कार्य सम्पन्न भएको छ ।
- लटिनाथ सार्सी बजानी सडकको स्तरोन्नती तथा १.५ कि.मि.ट्याक खोल्ने कार्य सम्पन्न भएको छ ।
- तपोबन मुरै निम्ठा बिनायक सडकको ४ कि.मि.ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ ।
- सघीय विशेष अनुदान अन्तरगत सल्लेधार मा वि मुरैको १६ कोठे भवन निर्माणको काम ४० प्रतिशत र लटिनाथ मा वि रस्कोटको १० कोठे विद्यालय भवन निर्माण कार्य २५ प्रतिश समपन्न भएको छ ।
- ३ वटा ४ कोठे विद्यालय भवन निर्माणको कार्य समपन्न भएको छ ।
- ५ वटा २ कोठे विद्यालय भवन निर्माणको काम समपन्न भएको छ ।

# भौतिक पुर्वाधार तर्फ..........

- गुल्जर स्वास्थ्य चौकी भवन निर्माणको काम अन्तिम चरणमा रहेको छ ।
- लटीनाथ खेल मैदानमा प्यारापिट र घेर पर्खाल निर्माण कार्य गरिएको छ ।
- मड बगर खेल ग्राममा घेर पर्खाल तथा फिल्ड निर्माण कार्य गरिएको छ ।
- वडा नं. ५ को कार्यालय भवन निर्माणको कार्य सूचारु गरिएको छ ।
- सितोला स्वा.चौ.गोल्फाको भवन निर्माणको काम सूचारु गरिएको छ ।
- २ वटा स्वास्थ्य इकाइ भवन निर्माणको कार्य सम्पन्न भएको छ ।
- ३ वटा विद्‍यालयमा सौचालय निर्माणको कार्य समपन्न भएको छ ।
- आधारभुत स्वास्थ्य सेवा केन्द्र च्युरानीको भवन निर्माण कार्य सम्पन्न भै सेवा सूचारु गरिएको छ ।

# भौतिक पुर्वाधार तर्फ..........

- सिंचाइ पक्की नहरः ८ वटा २ कि.मी.
- मुरै सितोला पर्यटकीय पदमार्गः २.४ कि.मि.
- झोलुङ्गे पुल २ वटा सम्पन्न भै प्रर्योगमा ल्याइएका छन ।
- घट्टे खोला र नौगाड खोलामा २ वटा सडक पुलहरु निर्माणाधिन अवस्थामा रहेका छन ।

# प्रधानमन्त्री रोजगार तथा अध्यक्ष स्वरोजगार अन्तरगत.............

- सोलिङ बाटो निर्माणः २३ वटा २० कि.मि.
- पि सिसि बाटो निर्माणः ५ वटा २ कि.मि.
- सौचालय निर्माणः  १ वटा
- मन्दिर घेर पर्खाल निर्माणः १
- मन्दिर निर्माणः ४ वटा
- खानेपानी मुल संरक्षणः १
- सिंचाइ निर्माणः ४ वटा १ कि.मि.
- विद्‍यालय भवन निर्माणः १
- घेर पर्खाल तथा ढल निकास निर्माणः १/१ वटा
- जम्मा ५८२ जनालाइ रोगार उपलब्ध गराइएको छ ।

# पशु सेवा तर्फ.........

- राष्ट्रीय नीतिलाई मध्यनजर गरी गाउँपालिकालाइ दुधमा आत्मनिर्भर बनाउन उन्नत नस्लको जर्सी गाई पकेट क्षेत्रलाइ टेवा पुर्याउन १५ वटा दुहुना जर्सी गाई तथा आधुनिक गोठ निर्माण कार्यक्रममा अनुदान वितरण गरिएको छ ।
- बाख्रा पालनको राम्रो सम्भावना भएकोले मुख्यमन्त्री कृषि आधनुनिकिकरण लाई निरन्तरता दिदै गाउँपालिकाको आफ्नै पहलमा आय आर्जन रोजगारमा युवाहरुलाइ स्वावलम्बी बनाउन खोर निर्माण,प्रजननको लागी बोयर जातको बोका वितरण गरी मासुको आपुर्तीमा टेवा पुर्याइएको छ ।
- अनुवाँसिक श्रोत केन्द्र स्थापना गर्न स्थानीय जातको पशुपंक्षीहरुलाई खोर, गोठ तथा प्रविधि हस्तान्तरणमा अनुदान दिइएको छ ।
- व्यवसायिक कृषकहरुलाइ फ्रिज तथा उपकरणहरु अनुदानमा दिइएको छ ।
- माछा पोखरी व्यवस्थापन तथा भुरा वितरणमा अनुदान दिइएको छ ।
- ग्रामीण एकल विपन्न,असहाय महिलाहरुको जिविकोपार्जन गर्न एकल महिला उपाध्यक्ष ग्रामीण कुखुरा प्रवर्धन कार्यक्रममा सहभागी गराइ स्थानीय जातको कुखुरा पालन तथा खोर व्यवस्थापन गरी आय आर्जनमा वृद्धि गरिएको छ ।
- स्वच्छ उत्पादन स्वस्थ उपभोगको नारालाइ राष्ट्रीय नीतिलाई मध्यनजर गरी बार्षिक ४० हजार पहुपंक्षीको उपचार तथा परामर्श सेवा उपलब्ध गराइएको छ ।

**जय पशु धन**

# महिला वालवालिका तथा समाज कल्याण इकाई तर्फ ......................

- लैङ्गिक हिँसा निवारण कोष को कार्यविधि निर्माण गरि समिति गठन गरिएको छ ।
- ११७ जनाहरुलाइ अपाङ्ग परिचय पत्र वितरण गरिएको छ ।
- ६ वडाहरुमा आमा समुह तथा महिला विकास समिति दर्ता र नविकरण गरि समुह वचत रजिस्टर, ऋण रजिष्टर र बचत पासबुक वितरण गरिएको छ ।
- वडा नं.१ घोल्जर मा तीन महिने कपडा बुनाई सिपमुलक तालिम संचालन गरियो
- तथ्याङ्क संकलन (महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक)कार्यक्रम संचालन गरियो
- आ.व.२०७७/२०७८ मा दर्ता भएका महिला विकास समितिहरुलाई प्रति समुह रु. ५०००।– का दरले ८वठा महिला विकास समितिलाइ अनुदान रकम वितरण गरियो
- बाल विवाह तथा बालबालिका माथि हुने दुर्व्यवहार विरुद्ध १ दिने अभिमुखिकरण कार्यक्रम मिति २०७८/०३/१६ गतेका दिन वडा नं. १, ५ र ६ र मिति २०७८/०३/१७ का दिन वडा नं. २, ३ र४ लाई समेटेर सम्पन्न गरियो ।
- स्थानिय स्तरमा महिला उदयमी संजाल गठन गर्ने कार्यक्रम मिति २०७८/०३/२१ गते सम्पन्न गरियो ।
- मिति २०७८/०३/१५ गतेका दिन २०७७/१२/१६ गते उदघघाटन गरिएको कपडा बुनाइ सिप बिकास तालिम समापन गरियो ।

# स्वास्थ्य तर्फ .....

- ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम अन्तरगत विभिन्न वडाहरुको वस्तीहरुमा जनालाइ अल्ट्रासाउण्ड सेवा उपलब्ध गराइएको छ ।
- परिवार नियोजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम अन्तरगत इम्प्लान्ट सेवा र भि आइ ए सेवा उपलब्ध गराइएको छ ।
- क्षयरोग कार्यक्रम अन्तरगत वडा नं. ४ को बार्कु र वडा नं. १ को ताकुमा स्क्र्यानीङ क्याम्प संञ्चालन गरएको छ ।

# कृषि तर्फ ..........

- कृषि लाइ प्रविधिमैत्री बनाउन मिनि टिलर २ वटा, मल्टीक्रप थ्रेसर २ वटा, कर्न थ्रेसर ६ वटा , उखुपेल्ने विद्युतीय मेसिन १ वटा, उखु पेल्ने सादा मेसिन २ वटा अनुदानमा वितरण गरिएको छ ।
- प्रस्ताव र आवश्यकतामा आधारित कृषि कार्यक्रम अन्तरगत १६ वटा पोलि हाउस निर्माण, वडीखेत, मुरै र नखिरी गरी ६ रोपनी जग्गामा लसुन खेती, ३ रोपनी जमिनमा खुर्सानी खेति सञ्चालनमा ल्याइएको छ ।
- अन्न तथा विउँ भण्डारणमा सहयोग पुर्याउन ५५ घरधुरीलाई मेटलबिन वितरण गरिएको छ ।
- एक घर ५ फलफूल विरुवा रोपण अभियान अन्तरगत ओखर,आरु,नास्पाती गरी ५६० घरधुरीलाइ २७५३ विरुवा वितरण गरिएको छ ।
- २४ सय घरधुरीलाइ उन्नत जातको तरकारी सिडकिट वितरण गरिएको छ ।
- ३७० सुनौलो हजार दिने आमाहरुलाइ पोषणयुक्त तरकारीको विउँ वितरण गरिएको छ ।
- आलु पकेट क्षेत्र विस्तार एवम उन्नत आलु खेतीका लागि ४० क्वीन्टल आलुको विउँ वितरण गरिएको छ ।
- नयाँ फलफुल बगैचा स्थापना अभियान अन्तरगत मार्मा गा.पा.वडा नं. २ र ५ मा ओखरको टर्कीबाट आयात गरिएको विरुवाहरु रोपण गरी २ वटा बगैचा अनुदानमा स्थापना गरिएको छ ।

# न्यायीक समिति तर्फ ...........

- न्यायिक समितिमा परेका जम्मा निवेदन संख्याः ३०
- निवेदन माथि छलफल गरी मेलमिलाप गराइएका निवेदन संख्याः २४
- मेलमिलाप गराउन बाँकी निवेदन संख्याः ६
- आ.व.२०७७/०७८ मा न्यायिक समितिको बैठक संख्याः १६
- ६ वटै वडाहरुमा नियमित सञ्चालनमा रहेका वडा मेलमिलाप केन्द्रहरुमा न्यायिक समितिबाट अनुगमन तथा निरिक्षण गर्ने गरिएको छ ।
- न्यायिक समितिद्वारा न्याय सम्बन्धि सरोकारवालाहरुलाई क्षमता अभिवृद्धि तालिम दिइएको छ ।
- न्याय सम्बन्धी हाते पुस्तक वितरण गरिएको छ ।
- उपाध्यक्षसंग किशोरी कार्यक्रम तालिम संचालन गरिएको छ ।

# लघु उद्यम तर्फ..........

- बजार तथा स्रोत संभावना अध्यन गरीएको छ ।
- लक्षित बर्गहरुको छनौट गरी ८ वटा समूह गठन गरिएको छ ।
- वडा नं. १,२,३ र ४ मा ८४ जनालाइ उद्यमशीलता विकास तालिम दिइएको छ ।
- मार्मा गाउँपालिकाका विभिन्न वडाका ८२ जना सिलाइ कटाइ,होजियारी सीप विकास,वेमौसमी तरकारी र कुखुरा पालन सीप विकास तालिम प्रदान गरिएको छ ।
- सिलाइ मेसिन २० वटा, होजियारी मेसिन ११ वटा, पोलिहाउस १५ वटा, कुखुरा पालनको लागि जाली वितरण गरिएको छ ।

# पन्जीकरण सेवा ईकाइ तर्फः

## सामाजिक सुरक्षा भत्ता

- MIS मा प्रविष्ट गरिएका जम्मा संख्याः १२०१(पुरुष ४०२ र महिला ७५९ जना )
- जेष्ठ नागरिक ७० बर्ष भन्दा माथिका संख्याः ६२९ जना ।
- जेष्ठ नागरिक दलित संख्याः ५१ जना ।
- जेष्ठ नागरिक एकल महिला संख्याः १२९ जना।
- विधवा संख्याः १६० जना ।
- पुर्ण अपाङ्गता भएका संख्याः ३८ ।
- अतिअशक्त अपाङ्गता भएका संख्याः ४१ जना।
- दलित बालबालिका संख्याः १५३ जना ।

## व्यक्तिगत घटना दर्ताः

- जन्म दर्ताः ९१४ (महिला ४६९ र पुरुष ४४५)
- मृत्यु दर्ताः ७८ (महिला ४६ र पुरुष ३२)
- विवाह दर्ताः ८४ जोडी ।
- बसाइ सरी अन्यत्र गएको संख्याः १०२
- बसाइ सरी आएको संख्याः ७७

# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तर्फ..........

- खानेपानी सरसफाइ तथा बहुउपयोगी योजनाः ९ वटा सम्पन्न (लाभाम्वित घरधुरी ६७० प्रति घरधुरी धारा संख्या १ )
- सुधारिएको चुलो निर्माणः ७४० (७४० घरधुरी )
- विद्यालय सौचालय निर्माणः ३वटा ।
- मन्दिरमा सौचालय निर्माणः १वटा ।
- सिंचाइ पोखरी निर्माण संख्याः १ वटा ।
- सुधारिएको घट्ट निर्माण संख्याः १७ वटा ।
- मुहान फिल्टर निर्माणः १ वटा ।
- पोलिहाउस निर्माण संख्याः ६० वटा निर्माण भै तरकारी उत्पादन भैरहेको ।
- घरबारी व्यवस्थापन गरिएको घरधुरी संख्याः १२०
- मार्मा ३ रील बस्तीलाइ नमुना टोल घोषणा गरिएको छ।
- तपोबन मा वि पडपडालाइ तीन तारे विद्यालय घोषाणाको तयारी २०७८/०३/३१
- १९ जना ग्रामीण मर्मत संभार कार्यकर्ता उत्पादन गरिएका छन ।
- ग्रामीण जलस्रोत व्यवस्थापन तथा अन्य निकायबाट निर्माण गरिएका खानेपानी तथा सरसफाइ योजनाहरु NWASH SOFTWARE मा अध्यावधिक गर्ने काम भै रहेको।
- च्युरी प्रशोधनको लागि च्युरी पेल्ने मेसिन संचालनमा ल्याइ सेवा दिइ रहेको तथा साबुन उद्योगको लागि मेसिन जडान कार्य संचालनमा रहेको ।
- ५० वटा घार माहुरी वितरण,१२१६(सुन्तला मौसमी कागती अनार) वटा अमिलो जातको विरुवा वितरण गरिएको छ।

# आ.व.२०७७/०७८ को एकिकृत आय रु

| आयको श्रोत | रकम रु | कैफियत |
|---|---|---|
| समानीकरण अनुदान | | |
| संघीय सरकार शसर्त अनुदान चालु | | |
| संघीय सरकार बिषेश अनुदान चालु | | |
| संघीय सरकार समपुरक अनुदान | | |
| प्रदेश सरकार समानीकरण अनुदान | | |
| प्रदेश सरकार शसर्त अनुदान | | |
| प्रदेश सरकार बिषेश अनुदान | | |
| प्रदेश सरकार समपुरक अनुदान | | |
| राजस्व बाँडफाँड | | |
| आन्तरिक श्रोत | | |
| कूल जम्मा | | |

# आ.व.२०७७/०७८को एकिकृत प्राप्ती रु हजार मा

| आयको श्रोत | रकम रु | कैफियत |
|---|---|---|
| समानीकरण अनुदान | | |
| संघीय सरकार शसर्त अनुदान चालु | | |
| संघीय सरकार बिषेश अनुदान चालु | | |
| संघीय सरकार समपुरक अनुदान | | |
| प्रदेश सरकार समानीकरण अनुदान | | |
| प्रदेश सरकार शसर्त अनुदान | | |
| प्रदेश सरकार बिषेश अनुदान | | |
| प्रदेश सरकार समपुरक अनुदान | | |
| राजस्व बाँडफाँड | | |
| आन्तरिक श्रोत | | |
| कूल जम्मा | | |

# आ.व.२०७७/०७८को एकिकृत चालु खर्च रु हजार मा


| आयको श्रोत | रकम रु | कैफियत |
| --- | --- | --- |
| समानीकरण अनुदान | | |
| संघीय सरकार शसर्त अनुदान चालु | | |
| संघीय सरकार बिषेश अनुदान चालु | | |
| संघीय सरकार समपुरक अनुदान | | |
| प्रदेश सरकार समानीकरण अनुदान | | |
| प्रदेश सरकार शसर्त अनुदान | | |
| प्रदेश सरकार बिषेश अनुदान | | |
| प्रदेश सरकार समपुरक अनुदान | | |
| राजस्व बाँडफाँड | | |
| आन्तरिक श्रोत | | |
| कूल जम्मा | | |

# आ.व.२०७७/०७८को एकिकृत पुजिगत खर्च रु हजार मा

| आयको श्रोत | रकम रु | कैफियत |
|---|---|---|
| समानीकरण अनुदान | | |
| संघीय सरकार शसर्त अनुदान चालु | | |
| संघीय सरकार बिषेश अनुदान चालु | | |
| संघीय सरकार समपुरक अनुदान | | |
| प्रदेश सरकार समानीकरण अनुदान | | |
| प्रदेश सरकार शसर्त अनुदान | | |
| प्रदेश सरकार बिषेश अनुदान | | |
| प्रदेश सरकार समपुरक अनुदान | | |
| राजस्व बाँडफाँड | | |
| आन्तरिक श्रोत | | |
| कूल जम्मा | | |

# २०७८/०७९ को बार्षिक बजेट अनुमान

जम्मा ४५७७१४ रु हजारमा



# लेखा परीक्षण

## पेश्की बेरूजुको अवस्था

- कुल पेश्की बेरुजु रु. 0
- पेश्की बेरुजु फर्छ्यौटः

## समस्या तथा चुनौतिहरु

- भवन निर्माण आचार संहिताको कार्यान्वयन तथा परिपालनमा कठीनाई
- आन्तरिक आय बृद्धि गर्न तथा व्यवस्थापन गर्न कठीनाई रहेको
- एकिकृत बस्ती विकास तथा व्यवस्थापन गर्न कठीनाई रहेको
- एकिकृत सम्पत्ति कर व्यवस्थापनमा कठीनाई
- गाउँपालीकाको प्रत्येक वडा कार्यालयहरुमा विद्युत तथा भवन सेवा अभावका कारण कार्यालय व्यवस्थापनमा कठीनाई रहेको ।

# समाप्त

# धन्यवाद